# प्रेस विज्ञसी

मिति २०७९ बैशाख १८ गते साँझ ८ बजे सिदिङ्वा गाउँपालिका स्वाथ्य चौकी साब्लाखुमा अ.न.मि पदमा कार्यरत पुजन राई माथि सिदिङ्वा गाउँपालिका वडा नं ४ मा रहेको फुर्वा लामाको घरमा खाना खादै गरेको अवस्थामा सिदिङ्वा-०४ बस्ने सन्दिप ईदिङ्गो भनिने ब्यक्तिले गालि- गलौच सहितको भौतिक आक्रमणले निज पुजन राई शारीरिक घाईते भएको साथै मानसिक रुपमा समेत अत्यन्त सशङ्कित हुनु भएको छ । २४ सै घण्टा स्थानिय जनताको सेवामा तल्लिन राष्ट्र सेवक कर्मचारी माथि यसअघि पनि विभिन्न मिति तथा समयमा यस किसिमको क्रुर एवम् अमानवीय घटनाले हामी अत्यन्तै दु:खी एवम् स्तब्ध भएका छौं । विगतमा समेत यस्ता प्रकारका घटना पटक पटक हुने गरेकोले समग्र कर्मचारीहरुको कार्य वातावरणमा त्रासदि पुर्ण अवस्था सिर्जना भएको यसाबाट सम्पूर्ण कर्मचारीहरुको मनोवैज्ञानिक साथै शारीरिक सुरक्षाको प्रत्याभुतिको समेत अभाव भएको छ । तसर्थ यी र यस्ता हर्कतप्रति सम्पूर्ण आठराई त्रिवेणी गाउँपालिका कर्मचारी परिवार घोर भत्सना गर्दै स्थानीय सरकार, जिल्ला प्रशासन, नागरिक समाज, कर्मचारी संघ संगठन तथा ट्रेड युनियनसँग समेत शान्तिपूर्ण कार्य वातावरणको प्रत्याभूत सँगै पीडकलाई हदै सम्मको कानुनी कारवाही र पीडित पक्षलाई न्यायको प्रत्याभूतिको लागि आवश्यक पहलकदमी तथा अनुसन्धान गरिदिनुहुन हार्दिक अपिल गर्दछौ ।

आक्रमणमा संलग्न अभियुक्तहरुलाई तत्काल पक्राउ गरी कानुन बमोजिम कडा भन्दा कडा कारवाही गर्न सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछौं । साथै अपराधमा संलग्न व्यक्तिहरुलाई समयमै उचित कारवाही नभएमा यस्ता अपराधिक मानसिकता भएका व्यक्तिहरुको मनोबल बढ्दै जाने, राज्यमा दण्डहिनता मौलाउँदै जाने र इमान्दार कर्मचारीको मनोबलमा ह्रास आइ सेवा प्रवाहमा गम्भिर असर पर्ने भएको हुँदा सो तर्फ सम्बन्धित पक्षको ध्यानाकार्षण गर्दछौ । कार्यस्थलमा कर्मचारीहरुको सुरक्षाको प्रत्याभुति गरि सेवा प्रवाहमा सहजतापूर्वक खटिने वातावरण निर्माण गर्न नेपाल सरकार लगायत सम्बद्ध पक्षसँग जोडदार माग गर्दछौं ।

आठराई त्रिवेणी गाउँपालिका

सम्पूर्ण कर्मचारी परिवार

